# महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्या १०, चैत्र २ गते, २०७६ साल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउसभाले देहायको ऐन जारी गरेको छ ।

# भाग १

## स्थानीय शिक्षा ऐन (पहिलो संशोधन) २०७५

**प्रस्तावना :** महाशिला गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ लाई संशोधन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार संशोधन गरिएको ।

**१) संक्षिप्त नाम र प्रारामभ :** १) यस एनेको नाम स्थानीय शिक्षा (पहिलो शंसोधन) ऐन २०७६ रहेको छ । यस ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२) स्थानीय शिक्षा ऐन २०७५ को दफा २ (यस पछि मूल ऐन भनिएको)** को (थ) मा अभिभावक शव्दको परिभाषा थप गरिएको ।

"**अभिभावक**" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले

दफा १९  को १ प्रयाृजनको लागी (विद्यालय व्यवस्थापन समिति गठन )प्रयोजनको लागी विद्यार्थीको बाबु,आमा,बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

**३) मूल ऐनको दफा १८** मा वडा शिक्षा समितिको काम,कर्तव्य र अधिकार अर्न्तगतको व्यवस्था शंशोधन गरिएको ।

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परिक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,जागरुक बनाउने र सजग वनाउने ।

घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने ,गराउने ।

ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

छ) विद्यालय गाभ्ने,सार्ने ,नाम परिर्वतन गर्ने ,तह थप गर्न गाउँशिक्षा समितिमा सिफारीस गर्ने ।

ज) वडाको शैक्षिक अभिवृद्धिका लागी आवस्यक कार्यहरु गर्ने ।

झ ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

**<u>४) मूल ऐनको दफा १९ (१)</u>** को विद्यालय व्यवस्थापन समिति सम्वन्धि व्यवस्था निम्नानुसार शंशोधन गरिएको ।

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागी प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

क) अभिभावकहरु मध्येबाट छानिएका कम्तीमा दुई महिला सहित चारजना -सदस्य

ख) विद्यालय रहेको वडाका जनप्रतिनिधिहरु मध्येबाट अध्यक्ष वा निजले तोकेको एकजना -सदस्य

ग) विद्यालयका संथापक ,बुद्धिजीवी ,शिक्षा प्रेमी ,चन्दादाताहरु मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

घ) समितिका सदस्यहरुले (ख) (ग) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

ङ.) स्थानिय शिक्षाप्रेमि मध्येबाट गाँउशिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

च) शिक्षकहरु मध्येबाट छनोट भएको प्रतिनिधि १ जना -सदस्य

छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

३) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकाश गर्न तोकिएको सुतकहरु पुरा गर्न आवश्यक गर्नु व्यवस्थापन समितिको दायित्व सम्झनुपर्ने छ ।

**<u>५) मूल ऐनको दफा २९</u>** को उपदफा (३) को थप व्यवस्था गरिएको ।

उपदफा २ बमोजिम गाँउपालिकाले तोकिएको अक्तिरिक्त कामको निम्ति विद्यालय शिक्षक /कर्मचारीलाई तोकिएबमोजिम सुविधा प्रदान गर्न सकिने प्रबधान मानसिव हुने ।

**६) मुल ऐनको दफा ५९ मा दण्ड सजाय सम्वन्धि व्यवस्थामा शंशोधनः**

१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असुल गरी विगो बमोजिम सजाय हुनेछ ।

२) कसैले देहायका कार्य गरेमा ,गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ ।

क) उत्तरपुस्तिका परिक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा

ख) परिक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा परिक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ग) परिक्षा प्रकाशनमा अनियमिता गरेमा ,

घ) परिक्षाको मर्यदा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(ङ.) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम ,शैक्षिक परामर्श सेवा ,ब्रिज कोर्स ,भाषा शिक्षण कक्षा तथा पुर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानुन कक्षा सञ्चालन गरेमा ।

छ) प्रश्न पत्रको गोपनियता भङ्ग गरेमा ।

ज) अरुको तर्फबाट परिक्षा दिएमा ।

झ) विद्यार्थी भर्ना गर्दा दान ,उपहार वा कुनै रकम लिएमा ।

## गाउँ शिक्षा नियमावली २०७५ लाई शंशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** गाउँ शिक्षा नियमावली २०७४ लाई शंशोधन गर्न वान्छनीय भएकोले ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** यस नियमावलीको नाम गाउँशिक्षा नियमावली ( पहिलो शंशोधन), २०७६ रहेको छ । यस नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२) गाउँ शिक्षा नियमावलीको शंशोधन :** गाउँ शिक्षा नियमावली २०७४ ( यस पछि नियमावली भनिएको) को प्रारम्भिक नाम गाउँ शिक्षा नियमावली २०७५ रहने ।

**३) नियमावलीको परिच्छेद ५ को शंशोधन :** नियमावलीको परिच्छेद ५ मा भएको विद्यालय व्यवस्थापन समिति सम्वन्धि व्यवस्था हटाई विद्यालय व्यवस्थापन समितिको सदस्यको छनौट, काम कतर्व्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि राखिएको ।

**४) नियमावलीको नियम २९ (ङ) हटाईएको :**

गाउँसभा सदस्यलाई वि.व्य.स. सदस्यमा अयोग्य ठहराएकोमा उक्त प्रावधान हटाइएको ।

**५) नियमावलीको नियम ३१ को (ण) शंशोधन :**

तोकिएको लेखा परीक्षकबाट तोकिएको समयअवधि भित्र सम्पन्न गर्नु पर्ने ।

**६) नियम ३५ मा उपनियम १ थप गरिएको :**

आधारभूत तह उत्तीर्ण परीक्षा समितिको गठन, काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था ।

- आधारभूत तह उत्तीर्ण परीक्षा समितिको गठन ।
- गाउँपालिका भित्रका विद्यालयहरुको आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न ५ सदस्यीय आधारभूत तह उत्तिर्ण परीक्षा समिति देहाय बमोजिम रहने गरि थप गरिएको ।

शिक्षा अधिकृत - अध्यक्ष

प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट वार्षिक रुपमा शिक्ष शाखाबाट मनोनयन हुने गरि २ जना - सदस्य

सूचना प्रविधिको क्षेत्रमा काम गर्ने पालिकाका कर्मचारीहरु मध्ये एक जना - सदस्य

प्राविधिक सहायक - सदस्य सचिव

आधारभूत तह उत्तीर्ण समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**